हामी सबैको रहर : शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शैक्षिक प्रशासन महाशाखा**
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.नं.: १२१ (१)

मिति:२०८१।०५।१३

विषय:बैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि आवेदन संकलन गरी पेस गर्ने सम्बन्धमा।

श्री सबै सार्वजनिक तथा संस्थागत विद्यालयहरु,
विराटनगर महानगरपालिका,मोरङ।

प्रस्तुत विषयमा बैदेशिक रोगजार बोर्डको सचिवालयबाट मिति २०८१।०४।३१ गते प्रकाशित सूचना अनुसार श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा गई तोकिएको अवधि भित्र मृत्यु,अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट वा बैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तहाँ विद्यालयमा अध्ययनरत १८ बर्ष मुनि उमेरका बालबालिकाहरूलाई उपलब्ध गराइने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीलाई सो कार्यक्रममा आबद्ध गराउनका लागि आवेदन संकलन गरी सिफारिस हुन सूचना मार्फत अनुरोध भई आएकोले तहाँ विद्यालयहरूमा त्यस्तो योग्यता पुगेका विद्यार्थीहरू भए **बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि,२०८०** को अनुसूची (१) बमोजिमको ढाँचामा फाराम भरी मिति २०८१ साल भाद्र मसान्त भित्र यस कार्यालयमा विवरण उपलब्ध गराइदिन हुन अनुरोध छ।बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि,२०८० तथा विस्तृत सूचना बैदेशिक रोजगार बोर्डको सचिवालयको वेब साइट www.feb.gov.np बाट डाउनलोड गरी विस्तृत विवरण प्राप्त गर्न सकिनेछ।

२०८१।०५।१३
..................
रामप्रसाद ढुङ्गेल
महाशाखा प्रमुख